# रैनादेवी छहरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

च.न. १४४८
प.स. २०७७/२०७८

०७५- ६९१०२५
०७५- ६९२३४३


मिति :-२०७७/१२/०३

श्री सम्पूर्ण विद्यालयहरु,
रैनादेवी छहरा गाउँपालिका, पाल्पा ।

**विषयः १२ औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी विद्यार्थी छनौट गरी पठाउने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सन्चालन निर्देशिका, २०७० अन्तर्गत जिल्ला खेलकुद विकास समितिको मिति–२०७७/११/१९ गतेको पत्र तथा रैनादेवी छहरा गाउँ कार्यपालिकाको मिति २०७७/११/२८ गतेको निर्णय अनुसार १२ औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता निम्न मिति, समय, स्थान र नियम/परिधीमा रहि सन्चालन गरीने भएकाले उक्त खेलमा सहभागि विद्यार्थी छनौट गरी मिति–२०७७/१२/०९ गते (सोमवार) भित्रं कार्यालय समयमा यस गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखामा पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

खेल मितिः २०७७/१२/१२ गते देखि १४ गते सम्म
स्थानः श्री भैरव नवदीप माध्यमिक विद्यालयको खेल प्राङ्गण
समयः विहानको १०:०० वजे
खेल विधाः भलिबल छात्र/छात्रा, कबड्डी छात्र/छात्रा, हाइजम्प र लङजम्प छात्र/छात्रा, दौडःछात्र १५०० मिटर र छात्रा ४०० मिटर ।

**नियमहरुः**

१. कबड्डी र भलिबल खेलमा बढिमा एक टिममा नौ (९) जना खेलाडि मात्र हुनुपर्ने छ ।

२. प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाउनेछन् ।

३.प्रत्येक प्रतियोगितामा भाग लिने सहभागि को उमेर १८ वर्ष भन्दा मुनि र कक्षा १२ सम्म **नियमित रुपमा अध्ययनरत**छात्र/छात्रा विद्यार्थी मात्र प्रतियोगि हुनुपर्ने छ ।

४. विद्यार्थीको उमेर, सम्बन्धित तह/कक्षा र अन्य आवस्यक विवरणहरु IEMIS को विवरण संग भिडान गर्दा मेल नखाएमा खेलाडि सहभागि गराईने छैन ।

५. नियम बिपरीत खेलाडी/विद्यार्थी सहभागि गराएको प्रमाणित भएमा सम्बन्धित विद्यालयलाई नियमानुसार कारवाही हुनेछ ।

६. प्रतियोगितामा प्रथम, द्धितिय र तृतिय हुने प्रतियोगिहरु लाई मेडल र प्रमाणपत्रको व्यवस्था गरीनेछ ।

७. पालिका स्तरीय खेलमा टिम गेमको हकमा प्रथम र एकल खेलको हकमा प्रथम र द्धितिय स्थान प्राप्त खेलाडिले जिल्ला स्तरीय प्रतियोगितामा भाग लिन पाउनेछन् ।

# रैनादेवी छहरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

च.न.
प.स. २०७७/२०७८

०७५- ६९१०२५
०७५- ६९२३४३


८. भलिबल खेल लगायत अन्य सबै खेलहरु राष्ट्रिय खेलको नियम अनुसार खेलाईनेछ ।

९. सहभागि खेलाडीलाई नियमानुसारको खाजाको व्यवस्था गरीनेछ । खाजा बाहेकका अन्य व्यवस्था विद्यालय स्वयमले गर्नुपर्ने छ ।

१०. खेल सम्बन्धि कुनै विवाद आएमा खेलकुद समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

| मिति | खेलाईने खेलहरु |
|---|---|
| २०७७/१२/१२ | उदघाटन सत्र, भलिबल र कबड्डी (छात्र/छात्रा) |
| २०७७/१२/१३ | भलिबल, कबड्डी र एथलेटिक्स (छात्र/छात्रा) तफर्का सबै खेलहरु |
| २०७७/१२/१४ | भलिबल फाईनल खेल, पुरस्कार वितरण र समापन सत्र |

प्रतियोगितामा सहभागी हुन राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० को अनुसुची- १ अनुसारको, निम्न फारममा सहभागिको विवरण भरी मिति २०७७/१२/०९ गते भित्र कार्यालय समयमा यस गाउँपालिकाको शिक्षा शाखामा पेस गर्न अनुरोध छ। म्याद नाघि पेस भएका विद्यालयलाई खेलमा सहभागी गराईने छैन साथै यस उपर कुनै कारवाहि हुने छैन ।

**प्रतियोगितामा सहभगी हुन भर्नुपर्ने फारामको नमुना**

१. सहभागी विद्यार्थीको नाम:
२. विद्यालयको नाम र ठेगाना:
३. अध्ययनरत कक्षा:
४. जन्म मिति:
५. सहभागि हुने खेल:
६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर:

उल्लेखित व्यहोरा ठीक साँचो हो भनि प्रमाणित गर्ने,
प्रधानाध्यापकको नाम:
हस्ताक्षर:
मिति:
मोबाइल नं.:
विद्यालयको छाप:

लिलामणि बश्याल
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत